# महत्वपूर्ण व्यावसायिक व्यक्ति
## (Commercially Important Person – CIP)
# छनौट, सम्मान एवम् सुविधा सम्बन्धी
# <u>कार्यविधि, २०६९</u>

☆
☆
☆
☆
☆
☆
☆
☆
☆
☆
☆
☆
☆
☆
☆
☆
☆

वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार

# महत्वपूर्ण व्यावसायिक व्यक्ति

(Commercially Important Person – CIP)

# छनौट, सम्मान एवम् सुविधा सम्बन्धी

# कार्यविधि, २०६९

**प्रस्तावना :** राष्ट्रिय अर्थतन्त्रमा उद्योग र वाणिज्य क्षेत्रको योगदान बढाउन यस क्षेत्रमा संलग्न उत्कृष्ट निर्यातकर्ता, विदेशी आयातकर्ता, लगानीकर्ता, रोजगारदाता तथा व्यावसायीहरुलाई सम्मान र कदर गर्न आवश्यक भएकोले यो कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "महत्वपूर्ण व्यावसायिक व्यक्ति (Commercially Important Person- CIP) छनौट, सम्मान एवम् सुविधासम्बन्धी कार्यविधि- २०६९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "महत्वपूर्ण व्यावसायिक व्यक्ति (Commercially Important Person: CIP)" भन्नाले आन्तरिक वस्तुको बजार विस्तार गरी निर्यात प्रवर्द्धन, लगानी वृद्धि, रोजगारीको अवसरको सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ र सवल बनाउन योगदान पुऱ्याउने महत्वपूर्ण व्यावसायिक व्यक्ति भनी नेपाल सरकारद्वारा घोषणा गरिएका व्यवसायी, संघ संस्था र सो संस्थाको तर्फबाट CIP को पदवी धारण गर्ने व्यक्ति सम्झनु पर्छ । त्यस्ता व्यावसायिक संघ संस्थाका तर्फबाट उक्त पदवी धारण गर्ने व्यक्तिलाई छोटकारीमा CIP भनिनेछ ।

(ख) "मन्त्रालय" भन्नाले वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले विकास समिति ऐन, २०१३ द्वारा गठित व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति सम्झनु पर्दछ ।

(घ) "केन्द्र" भन्नाले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र सम्झनु पर्दछ ।

(ङ) "उप-समिति" भन्नाले दफा ६ बमोजिमको महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट तथा सिफारिश उपसमिति सम्झनु पर्दछ ।

(च) "उत्पादनमूलक उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०४९ द्वारा परिभाषित् उत्पादनमूलक उद्योगलाई सम्झनु पर्दछ ।

छ) "तेश्रो मुलुक" भन्नाले चीन र भारत बाहेकका अन्य सबै मुलुक सम्झनु पर्दछ ।

३. **महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान प्रदान गर्न सकिने:** विगत दुई वर्षमा देशको निर्यात, लगानी, रोजगारी, विप्रेषण, पर्यटन लगायतका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याई उत्कृष्ट ठहरिएका व्यवसायी एवं यस क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्यमी व्यवसायीहरु एवं तिनका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरुलाई महत्वपूर्ण व्यवसायिक व्यक्ति (CIP) को रूपमा सम्मान प्रदान गर्न सकिनेछ ।

४. **महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मानको उद्देश्य:-** CIP सम्मानको उद्देश्य देहाय वमोजिम रहेका छन् :

(क) आर्थिक तथा वाणिज्य क्षेत्रमा पुऱ्याएको योगदानको राज्यबाट प्रोत्साहन स्वरुप कदर गर्ने ।

(ख) CIP सम्मानद्वारा उद्यमी, व्यावसायीबीच स्वस्थ ढंगबाट प्रतिस्पर्धात्मक विकासमा सहयोग पुऱ्याउने ।

(ग) उद्यमी, व्यावसायीहरूको योगदानप्रति आत्मगौरवको अनुभूति दिलाउने ।

(घ) उद्यमी, व्यावसायीका प्रतिनिधिमूलक संस्थालाई निर्यात व्यापार, लगानी, रोजगारी एवं पर्यटन प्रबर्द्धन लगायतका कार्यमा थप अभिप्रेरित गर्ने ।

(ङ) CIP द्वारा सम्मानित हुने उद्यमी, व्यावसायीहरुलाई नेपालको प्रतिष्ठित उद्यमी, व्यवसायीको रूपमा स्वदेश तथा विदेशमा पहिचान गराउने ।

(च) आफ्नो व्यवसायको उत्थान र विकासमा अरू थप उत्साहित गर्ने ।

(छ) नेपालसँग व्यापारिक कारोबार विस्तार गर्ने विदेशी व्यावसायीहरूलाई उत्साहित गर्ने ।

(ज) महिला उद्यमी, व्यावसायीहरूलाई निर्यात क्षेत्रमा अरू बढी सहभागी हुन अभिप्रेरित गर्ने ।

(झ) Software निर्यात उद्योगका साथै पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासमा थप हौसला प्रदान गर्ने ।

ञ) विप्रेषण (Remittance) कारोवारलाई बढी पारदर्शी बनाई वैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई वैंकिङ्ग प्रणाली मार्फत भित्र्याउन थप सहयोग पुऱ्याउने ।

५. **महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मानको क्षेत्र/विधा :** (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको क्षेत्र/ विधामा काम गर्ने व्यक्तिलाई समेत CIP सम्मान प्रदान गर्न सकिने छ ।

**क) निर्यात क्षेत्रतर्फ :**

| क्र.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | तेस्रो मुलुकतर्फ निकासी रकमको आधारमा अग्रस्थानमा रहेका प्रथम ५ (पाँच) वस्तुहरूको सबैभन्दा बढी वस्तु निकासी गर्ने १/१ जना निर्यातकर्ता/उद्योगीका दरले पाँच जनालाई | ५ (पाँच)वटा |
| २ | भारततर्फको निर्यातमा रकमको आधारमा प्रथम तथा दोस्रो स्थान हासिल गर्ने निर्यातकर्ता/उद्योगीका लागि | २(दुई) वटा |
| ३ | चीनतर्फको निर्यातमा रकमको आधारमा प्रथम तथा दोस्रो स्थान हासिल गर्ने १/१ जना नेपाली निर्यातकर्ता/उद्योगीका लागि | २ (दुई) वटा |
| ४ | बुँदा नं. क (१) मा छनौट भइसकेका निर्यातकर्तासँग दोहोरो नपर्ने गरी सबै हस्तकलाका वस्तुहरूको सबैभन्दा बढी रकमको निर्यात गर्ने निर्यातकर्ता/उद्योगीका लागि | १ (एक) वटा |
| ५ | बुँदा नं. क (१) मा छनौट भएका निर्यातकर्तासँग दोहोरो नपर्ने गरी खाद्यान्न वाहेकका कृषिजन्य वस्तु एवं जडिबुटी क्षेत्रका सबै वस्तुहरूको सबैभन्दा बढी रकमको निर्यात गरी अग्रस्थानमा हुन आउने निर्यातकर्ता/उद्योगीका लागि | १ (एक) वटा |
| ६ | निर्यात व्यापारमा कूल रकमको आधारमा सबभन्दा बढी रकमको निर्यात गर्ने महिला निर्यातकर्ता/उद्योगीका लागि | १ (एक) वटा |
| ७ | सफ्टवेयर निर्यातमा रकमको आधारमा प्रथम स्थान हासिल गर्ने निर्यातकर्ता/उद्योगी व्यवसायीका लागि | १ (एक) वटा |

ख) नेपाली वस्तु पैठारी गर्ने विदेशी आयातकर्ता तर्फ :

| क्र. सं. | तेस्रो मुलुक | संख्या |
|---|---|---|
| १ | तेस्रो मुलुकतर्फको निर्यातमा अग्रस्थानमा रहेका बुँदा नं. क (१) अनुसार छनौट हुने वस्तुहरूको रकमको आधारमा अग्रस्थानमा रहेका प्रत्येक वस्तुका १/१ जना को दरबाट जम्मा ५ (पाँच) जना उत्कृष्ट विदेशी पैठारीकर्ताहरूका लागि | ५ (पाँच) वटा |
| २ | नेपाली वस्तुको पैठारी रकमको आधारमा प्रथम तथा दोस्रो स्थान प्राप्त गर्ने २ (दुई) जना भारतीय पैठारीकर्ताका लागि | २ (दुई) वटा |
| ३ | नेपाली वस्तु पैठारी रकमका आधारमा प्रथम तथा दोस्रो स्थान हासिल गर्ने २ जना उत्कृष्ट चिनीयाँ पैठारीकर्ताहरूका लागि | २ (दुई )वटा |

ग) लगानी क्षेत्रतर्फः

| क्र.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | उद्योग स्थापना भई सञ्चालनमा रहेका सबैभन्दा बढी लगानी गर्ने स्वदेशी श्रम र सीप उपयोग गर्ने उत्पादनमूलक उद्योगका उत्कृष्ट उद्योगी/व्यवसायीतर्फ | १ (एक) वटा |

घ) रोजगारी सिर्जनातर्फ :

| क्र.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | बुँदा नं. ग (१) मा उल्लेखित लगानी आधारमा छनौट हुने उद्योगी/व्यवसायी नदोहोरिने गरी सबै भन्दा बढी रोजगारी श्रृजना गर्ने उद्यमी/व्यवसायी तर्फ | १ (एक) वटा |

ङ) विप्रेषण तर्फ :

| क्र.सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | बैंकिङ्ग प्रणाली मार्फत विप्रेषण (Remittance)को कारोबार गरी सबैभन्दा बढी वैदेशिक मुद्रा भित्र्याउने विप्रेषण कम्पनीहरु (Remittance Companies) तर्फ | १ (एक) वटा |

च) पर्यटन क्षेत्रतर्फ :

| क्र. सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | पर्यटन क्षेत्रमा सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने होटल उद्योगी व्यवसायी तर्फ | १ (एक) वटा |
| २. | तेश्रो मुलुकबाट सबैभन्दा बढी विदेशी पर्यटक भित्र्याउने ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी उद्योगी व्यावसायी तर्फ | १ (एक) वटा |

छ) कर दाखिला तर्फ :

| क. सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | सबैभन्दा बढी आयकर दाखिला गर्ने उद्योगी व्यवसायीहरु मध्येबाट | १ (एक) वटा |

ज) व्यावसायीका प्रतिनिधिमूलक संस्थातर्फ :

| क. सं. | क्षेत्र | संख्या |
|---|---|---|
| १ | निर्यात व्यापारका साथै वाणिज्य क्षेत्रमा प्रवर्द्धनात्मक कार्य गरी आर्थिक विकासमा उल्लेख्य योगदान पुऱ्याएका निम्न संघसंस्थाहरूतर्फ देहायका प्रत्येक संस्थाका अध्यक्षलाई १/१ वटाको दरले<br>क) नेपाल उद्योग वाणिज्य महासंघ..... १ वटा<br>ख) नेपाल चेम्बर अफ कमर्स..... ...... १ वटा<br>ग) नेपाल उद्योग परिसंघ ................. १ वटा<br>घ) तेस्रो मुलुकमा हुने कूल निर्यातको सबै भन्दा बढी हिस्सा ओगट्ने तीन वस्तुगत संघ/संस्थाका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरु...............३ वटा<br>~_ नेपाल महिला उद्यमी महासंघ........ .१ वटा<br>च) नेपाल हस्तकला महासंघ १ वटा | ८ (आठ) वटा |

(२) उपदफा (१) बमोजिम तोकिएका क्षेत्र/विधा लाई उप-समितिको सिफारिसमा मन्त्रालयले आवश्यक थपघट वा संशोधन समेत गर्न सक्नेछ ।

६. **<u>महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट तथा सिफारिस उप-समितिः</u>** (१) CIP छनौट तथा सम्मानको सिफारिस गर्न "महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट तथा सिफारिश उपसमिति" गठन गरिएको छ ।

(२) उप समितिको गठन देहाय बमोजिमको हुनेछ :-

(क) कार्यकारी निर्देशक, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र : संयोजक
(ख) प्रतिनिधि, अर्थ मन्त्रालय : सदस्य
(ग) प्रतिनिधि, वाणिज्य तथा आपूर्ति मन्त्रालय : सदस्य
(घ) प्रतिनिधि, उद्योग मन्त्रालय : सदस्य
(ङ) प्रतिनिधि, नेपाल राष्ट्र बैंक : सदस्य
(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ : सदस्य
(छ) प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्स : सदस्य
(ज) प्रतिनिधि, नेपाल उद्योग परिसंघ : सदस्य
(झ) प्रतिनिधि, वाणिज्य तथा आपूर्ति व्यवस्था विभाग : सदस्य
(झ) उप-समितिको संयोजकले तोकेको केन्द्रको पदाधिकारी : सदस्य सचिव

(३) दफा २ अनुसारको उप समितिको सचिवालय केन्द्रमा रहने छ ।

७. **उप समितिको काम, कर्तव्य र अधिकार** :- उप-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) व्यवसायी तथा संस्था छनौट गर्ने कार्यविधिमा आवश्यकता अनुसार संशोधनको सिफारिस गर्ने ।

(ख) CIP द्वारा सम्मान गर्ने क्षेत्र, विधा र संख्यामा थपघट वा संशोधनको सिफारिश गर्ने ।

(ग) उत्कृष्ट निर्यातकर्ता तथा नेपाली वस्तुका उत्कृष्ट विदेशी पैठारीकर्ताहरूको पहिचान तथा सिफारिस गर्ने ।

(घ) नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यावसायी एवं व्यावसायीका प्रतिनिधिमूलक संस्थाहरूको पहिचान तथा सिफारिस गर्ने ।

(ङ) त्यस्ता व्यावसायीहरूलाई प्रोत्साहन गर्न प्रदान गरिने प्रतीक चिन्ह र सुविधा सहुलियतको सिफारिस गर्ने ।

(च) माथि उल्लिखित खण्डहरुमा उल्लेखित कार्यहरू सम्पादन गर्न उप-समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई वैठकमा आमन्त्रित गर्न सक्ने ।

(छ) यस सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने, गराउने ।

८. **महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौटको कार्यविधि तथा आधारः** (१) यस कार्यविधिको दफा ५ मा महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) को लागि सिफारिस भएका विविध क्षेत्र/विधा अन्तर्गतका महत्वपूर्ण व्यावसायिक व्यक्ति छनौटको लागि देहाय बमोजिमको प्रक्रिया एवं आधारहरूलाई लिईने छ :-

(क) निर्यात क्षेत्र तर्फको दफा ५ को १(क) अन्तरगतका उद्योगी व्यवसायीको छनौट सम्बन्धमा :-

(१) महत्वपूर्ण व्यावसायिक व्यक्ति छनौटको लागि निकासीका वस्तुको सूची प्राप्त गर्नुपर्नेछ ।

(२) खण्ड (१) बमोजिम सूची प्राप्त गर्दा CIP छनौट गरिने भन्दा अघिल्लो आर्थिक वर्षको तेस्रो मुलुक तर्फको निर्यातमा अग्रस्थानमा रहेका प्रथम पाँच वस्तुको र भारत तथा चीन तर्फको निर्यातमा अग्र स्थानमा रहेका दुई/दुई वस्तुको सूची प्राप्त गर्नुपर्नेछ ।

(३) खण्ड (२) बमोजिमका सूची अनुसारका पाँच वस्तुहरू अग्रस्थानमा रहेको आर्थिक वर्ष र सो आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्ष समेत गरी कूल २ (दुई) आर्थिक वर्षको निर्यात कारोवार मूल्य रकम जोडी अग्रस्थानमा हुन आउने उत्कृष्ट निर्यातकर्ता व्यावसायीको छनौट हुनेछ ।

(ख) तेस्रो मुलुकतर्फ निर्यातमा अग्रस्थानमा रहेका वस्तुको सूची प्राप्त गर्ने सम्बन्धमाः

(१) तेस्रो मुलुकतर्फको निर्यातमा अग्रस्थानमा रहेका वस्तुहरूको सुची प्राथमिकता क्रमको आधारमा देहायका श्रोतहरूबाट प्राप्त गरिने छ ।

(अ) नेपाल राष्ट्र बैंक

(आ) व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

(इ) भंसार विभाग

(२) प्रथम श्रोतबाट उपलव्ध नहुनेमा दोश्रो र सो नहुनेमा तेश्रो श्रोतलाई लिईने छ ।

(ग) तेस्रो मुलुकतर्फ (Software Export बाहेक) निर्यातका प्रथम पाँच वस्तुको सूची तथा भारत र चीन तर्फ निर्यातका प्रथम दुई/दुई वस्तुको सूची प्राप्त भए पछि सो सूची अन्तर्गतका वस्तुहरूको उत्कृष्ट निर्यातकर्ता/उद्योगीको नाम र निर्यात गरेको रकम सहितको विवरण प्राथमिकता क्रममा देहाय बमोजिमका श्रोतहरूबाट उपलब्ध विवरणलाई आधार लिइनेछ ।

(१) व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
(२) भंसार विभाग
(३) सम्बन्धित वस्तुगत संघहरू
(४) उद्योग व्यापार संघहरू
(५) वस्तु कारोवार गर्ने व्यवसायिहरु

(घ) Software निर्यात गर्ने उत्कृष्ट निर्यातकर्ता/व्यवसायी वा व्यावसायिक कम्पनी र निर्यात कारोवार रकमबारेको विवरण प्राथमिकता क्रममा देहायका निकायले सिफारिस गर्नेछ :-

(१) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय,
(२) राष्ट्रिय सूचना प्रविधि केन्द्र
(३) कम्प्यूटर एशोसिएशन अफ नेपाल

(ङ) नेपाली वस्तु पैठारी गर्ने दफा ५ को १ (ख) अन्तर्गतका विदेशी आयातकर्ताको छनौट सम्बन्धमा :

(१) निकासीमा अग्रस्थानमा रहेका वस्तुहरुको रकमका आधारमा विदेशी उत्कृष्ट पैठारी कर्तालाई छनौट गरिने छ ।
(२) पैठारीकर्ता छनौट दफा ८ (ग) मा उल्लेख गरिएका संघ संस्थाहरूलाई नै तथ्याङ्कको श्रोतको रुपमा लिइने छ ।
(३) दफा ८ (ग) बमोजिमका श्रोतहरूबाट पनि पैठारी कर्ताको पहिचान गर्न नसकिने भएमा सम्वन्धित वस्तुको विदेशी पैठारीकर्ताबाट पनि पैठारी रकमको आधिकारिक विवरण प्राप्त गरी पैठारीकर्ताको पहिचान तथा छनौट गर्न सकिने छ ।

(च) लगानी क्षेत्रतर्फ दफा ५ को १(ग) मा उल्लेखित सबैभन्दा बढी लगानी गर्ने उद्यमी छनौट सम्बन्धमा :-

(१) उद्योग स्थापना तथा सञ्चालनमा लगानी रकमको दृष्टिकोणबाट अग्रस्थानमा हुन आउने उत्कृष्ट उत्पादनमूलक उद्योग छनौट गरिनेछ ।
(२) खण्ड (१) बमोजिम उद्योग छनौट गर्दा उद्योगहरू जुनसुकै वर्षमा दर्ता भएको भएतापनि मूल्याङ्कन अवधिको दुई आर्थिक वर्ष भित्र सञ्चालनमा ल्याईएका उद्योगहरू मध्येमा जुन उद्योगमा सबैभन्दा बढि पूँजी लगानी भएको छ सोही उद्योगलाई छनौट गरिने छ ।
(३) खण्ड (१) र खण्ड (२) बमोजिमका आधारमा त्यस्ता उद्योगहरूको छनौट तथा सिफारिस प्राथमिकता क्रममा क्रमशः देहायका निकायहरुबाट हुनेछ :-
    (अ) उद्योग मन्त्रालय
    (आ) नेपाल उद्योग वाणिज्य महासंघ
    (इ) नेपाल उद्योग परिसंघ
    (ई) उद्योग स्थापना गर्ने उद्यमी व्यवसायीहरु ।

(४) मूल्याङ्कन अवधिको दुई आर्थिक वर्षमा कुनैपनि उद्योग सञ्चालनमा नआएको अवस्थामा एक पटकको लागि सो अवधि भन्दा अघि स्थापना तथा सञ्चालनमा आएका उद्योगहरु मध्ये सवैभन्दा बढी रकम लगानी गरी सञ्चालनमा ल्याइएका उद्योगलाई छनौट तथा सिफारिस गरिने छ ।

(छ) (१) रोजगारी सिर्जना क्षेत्रतर्फ दफा ५ को १ (घ) अन्तर्गतको उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी रोजगारी श्रृजनागर्ने उद्यमी/व्यवसायी छनौट गरिनेछ ।

(२) खण्ड १ बमोजिम उद्यमी छनौट गर्दा मुल्यांकन अवधिको २ आर्थिक वर्ष भित्र सबैभन्दा बढी रोजगार सिर्जना गरिएका उद्योगको छनौट गरिनेछ ।

(३) खण्ड १ र खण्ड २ बमोजिमका आधारमा त्यस्ता उद्योगको सिफारिस क्रमशः देहायका निकायहरुबाट हुनेछ ।

(अ) उद्योग मन्त्रालय

(आ) सम्बन्धित उद्यमी व्यवसायीहरु

(ज) विप्रेषण (Remittance) को क्षेत्रतर्फ दफा ५ को १(ङ) अन्तर्गत बैंकिङ्ग प्रणाली मार्फत विप्रेषणको कारोवार गरी वैदेशिक मुद्रा भित्र्याउने कार्यमा उत्कृष्टता हासिल गरेको विप्रेषण कम्पनीको छनौट एवं सिफारिस नेपाल राष्ट्र बैंकबाट हुनेछ ।

(झ) पर्यटन क्षेत्रतर्फ दफा ५ को १(च) अर्न्तगतको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यवसायी उद्यमीको छनौट सम्बन्धमा :-

(१) यस क्षेत्र अन्तर्गत होटलतर्फ सबैभन्दा बढी विदेशी मुद्रा (भारतीय मुद्रा बाहेक) भित्र्याउने र ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीतर्फ सबैभन्दा बढी संख्यामा तेश्रो मुलुकका पर्यटक भित्र्याउने उद्यमी व्यावसायिको छनौट तथा सिफारिस गरिनेछ ।

(२) खण्ड (१) बमोजिमका उद्यमी व्यवसायीको छनौट तथा सिफारिस एक संस्थाबाट नभएमा अर्को संस्थाबाट हुने गरी प्राथमिकता क्रममा क्रमशः देहायका संस्थाहरुबाट सिफारिस हुनेछः-

(अ) बढी वैदेशिक मुद्रा आर्जन गर्ने होटल तर्फ :-

(१) नेपाल राष्ट्र बैंक

(२) नेपाल पर्यटन बोर्ड

(३) होटल एशोसियशन नेपाल

(आ) विदेशी पर्यटक भित्र्याउने ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी तर्फ :-

(१) नेपाल पर्यटन बोर्ड

(२) ट्राभल एशोसियशन अफ नेपाल

(ञ) दफा ५ को १ (छ) को क्षेत्रमा आन्तरिक राजस्व विभागको सिफारिशका आधारमा सबैभन्दा बढी आयकर दाखिला गर्ने उद्योगी व्यवसायीको छनौट गरिनेछ ।

(ट) दफा ५ को १(ज) अन्तर्गतका व्यावसायीका प्रतिनिधिमुलक संस्थाहरूको अध्यक्षलाई सम्मान गर्ने सम्बन्धमा :-

(१) संस्थागत अध्यक्षको सम्बन्धित महासंघ/संघले देहायको बिवरण उपलव्ध गराउनु पर्ने छ :-

(अ) अध्यक्षको नाम (देवनागरी र अंग्रेजीमा)
(आ) अध्यक्ष पदमा बहाल रहने अवधि

(२) अन्तिम नामावली प्रकाशन गरी CIP प्रदान गर्नु अघि नै कारणवश CIP सम्मान प्राप्त गर्ने अध्यक्षको पदमा नरहेमा सम्वन्धित महासंघ/संघले नवनियुक्त अध्यक्षको दफा ८ को १(त्र) १ वमोजिमको विवरण उपलव्ध गराउने छ ।

(३) दफा ८ मा उल्लेख CIP छनौट कार्यविधि एवं आधार अन्तर्गतको व्यवस्थावाट CIP छनौट नहुने अवस्थामा उप-समितिले निर्णय गरी अन्य श्रोतवाट पनि आधिकारिक विवरण उपलव्ध गरी CIP सिफारिस गर्न सक्नेछ ।

(४) CIP को सिफारिस गर्न माथि उल्लेख संघ-संस्था एवम् निकायहरुले CIP को सिफारिस गर्दा यसै कार्यविधिको अधीनमा रही गर्नु पर्दछ ।

(५) दफा ८ मा व्यवस्था भए अनुसार **CIP** सिफारिस भै नआएमा वा त्यस्ता व्यवसायीको पहिचान हुन नसकेको अवस्थामा सम्बन्धित क्षेत्र/विधामा **CIP** को सिफारिस गर्न उपसमिति बाध्य हुने छैन ।

९. **महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) को दावी विरोध र अन्तिम नामावली प्रकाशन सम्बन्धी व्यवस्था :** सम्मानको लागि यस कार्यविधिको दफा ८ बमोजिम उत्कृष्टताको क्रममा देखिएको भएता पनि निम्न अवस्थाका व्यावसायीहरु तथा व्यावसायीका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरुलाई CIP द्वारा सम्मान गरिने छैनः-

(१) नेपाल सरकारका आधिकारिक निकायबाट कालोसूचीमा परेको ।
(२) बैंक तथा वित्तीय संस्थाको कर्जा चुक्ता गर्न नसकी कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको ।
(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको ।
(४) भ्रष्टाचार तथा आर्थिक अनियमिततामा संलग्न भएको प्रमाणित भएको ।
(५) CIP सम्मान प्रदान गर्ने भन्दा अघिल्लो आर्थिक वर्षसम्मको सरकारलाई तिर्नु बुझाउनु पर्ने कर वक्यौता रहेको ।

तर, यस्ता सूचीमा परी नामावली प्रकाशन गर्नु अघि उपरोक्त विषयहरुमा फरफारक गरिसकेपछि नामावली प्रकाशन गर्नु अघि सो फरफारक गरेको प्रमाण पेश गरेको आधारमा नामावलीमा नाम समावेश गर्न बाधा पर्ने छैन ।

१०. **सूचना प्रकाशन गर्नुपर्ने:** (१) उप-समितिले CIP को नाम तथा विवरणहरु छानविन गरी राष्ट्रियस्तरको कम्तिमा एक अंग्रेजी र एक नेपाली भाषाका दैनिक पत्रिकामा पन्ध्र दिनको म्याद दिई १ (एक) पटक सचिवालयबाट सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनाको आधारमा दावी विरोधको आवेदन गर्ने व्यवसायीले तोकिएको म्यादभित्र अनूसूची-१ वमोजिम आवेदन दिई कारोवारको आधिकारिक विवरणको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(३) उप-समितिले आवश्यक छानविन गरी CIP को लागि उपयुक्त देखिएका उद्योगी, व्यवसायीहरुको नाम समिति समक्ष पेश गर्नेछ ।

(४) समितिमा पेश भएका नाम तथा विवरण उपर आवश्यक अध्ययन गरी समितिले अनुमोदन गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नेछ ।

(५) मन्त्रालयद्वारा स्वीकृति प्रदान गरेपछि CIP सम्मान पाउने उद्योगी, व्यवसायीहरुको साथै व्यवसायीका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरुको अन्तिम नामावली राष्ट्रियस्तरको अंग्रेजी र नेपाली भाषाको दैनिक पत्रिकामा एक पटक सूचना प्रकाशन गरी सार्वजनिक गरिने छ ।

(६) मन्त्रालयबाट स्वीकृति प्राप्त गरी उपदफा (५) बमोजिम अन्तिम नामावली प्रकाशन भएपछि स्वीकृत महत्वपूर्ण व्यावसायिक व्यक्तिहरूलाई राष्ट्रिय स्तरको एक समारोह आयोजना गरी अनुसूची - २ बमोजिमको CIP प्रतिक चिन्ह, अनुसूची - ३ बमोजिमको CIP परिचय पत्र एवं अनूसूची - ४ (क) र (ख) मा उल्लेख भए वमोजिमको प्रमाणपत्र प्रदान गरी सम्मान गरिनेछ ।

११. **<u>महत्वपूर्ण व्यावसायिक व्यक्ति</u> <u>(CIP) मूल्याङ्कन अवधिः</u>** संस्थागत अध्यक्ष बाहेकका निर्यातकर्ता, उद्योगी/व्यवसायीहरूको निर्यात कारोवार र लगानी मूल्याङ्कन गर्दा दुई आर्थिक वर्षको कारोवारको मूल्याङ्कन हुने गरी दुई आर्थिक वर्ष अवधि कायम गरिनेछ ।

१२. **<u>महत्वपूर्ण व्यावसायिक व्यक्ति</u> <u>(CIP) सम्मान वहाल रहने अवधिः</u>** (१) दफा १० को उपदफा (६) बमोजिम सम्मान प्रदान गरेको मितिले दुई वर्षसम्म कायम रहनेछ ।

(२) संस्थागत अध्यक्षको CIP को प्रयोग अवधि अध्यक्ष पद वहाल रहुन्जेल CIP लागु रहने अवधिको हदसम्म मात्र हुने छ ।

(३) CIP को दुई वर्ष अवधि भुक्तान नभई अध्यक्षको पद भुक्तान भएमा नवनियुक्त अध्यक्षलाई निवर्तमान अध्यक्षले CIP प्रतिक चिन्ह दफा (१३) बमोजिम हस्तान्तरण गर्नु पर्ने छ ।

(४) उद्योग, फर्म, कम्पनीको तर्फबाट CIP धारण गर्ने व्यक्ति कुनै पनि कारणबाट सो पदमा नरहेमा र CIP को अवधि बाँकी रहेमा त्यस्तो उद्योग, फर्म, कम्पनीको सिफारिसको आधारमा मन्त्रालयले बाँकी अवधिको लागि CIP जारी गर्न सक्नेछ ।

१३. **<u>महत्वपूर्ण व्यावसायिक व्यक्ति</u> <u>(CIP) हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u>** (१) CIP सम्मान पाउने अध्यक्ष कुनै पनि कारणवाट निज सो पदमा वहाल नरहेमा नवनियुक्त अध्यक्षलाई CIP को प्रतिक चिन्ह हस्तान्तरण गर्नुपर्नेछ ।

(२) नवनियुक्त अध्यक्षलाई चिन्ह हस्तान्तरणको कार्य सम्वन्धित महासंघ/संघले केन्द्रलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी भएपछि केन्द्रको सिफारिसमा मन्त्रालयवाट अनुसूची - ३ बमोजिमको परिचयपत्र र अनुसूची - ४ (क) र (ख) अनुसारको प्रमाणपत्र जारी गरिनेछ ।

१४. **<u>महत्वपूर्ण व्यावसायिक व्यक्ति</u> <u>(CIP) प्रतीक चिन्ह हस्तान्तरण र प्रयोगमा बन्देजः</u>** यस कार्यविधिको दफा १२, १३ र १५ मा उल्लेख गरिए वाहेक अन्य कुनै किसिमवाट CIP को प्रयोग, हस्तान्तरण एवं जारी हुने छैन ।

**१५. <u>महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) लाई प्रदान गरिने सेवा सुविधाहरू:</u>** CIP ले पाउने सुविधा देहाय बमोजिम हुनेछन्:

(क) CIP प्राप्त गर्ने महत्वपूर्ण उद्योगी, व्यावसायिक व्यक्तिहरूलाई परिचय पत्र, प्रतिक चिन्ह र प्रमाणपत्र प्रदान गरी सम्मान गर्ने ।

(ख) सम्माननीय प्रधानमन्त्री, उप प्रधानमन्त्री, माननीय मन्त्री तथा वरिष्ठ सरकारी पदाधिकारीसंग औपचारिक भेटघाट गर्न अग्राधिकार प्रदान गर्ने ।

(ग) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन तथा प्रस्थान कक्षमा रहेको CIP Lounge प्रयोग गर्ने र नेपालका अन्य विमानस्थलहरुमा रहेको विशिष्ट व्यक्तिहरुको लागि व्यवस्था गरेको VIP Lounge प्रयोग गर्न दिने ।

(घ) सरकारी तथा निजी क्षेत्रले उद्योग, वाणिज्य क्षेत्रमा आयोजना गर्ने समारोह/कार्यक्रमहरूमा आमन्त्रित गर्ने ।

(ङ) विदेशमा व्यापारिक तथा औद्योगिक मेला तथा प्रदर्शनीको सहभागितामा प्रतिनिधित्व गर्न प्राथमिकता प्रदान गर्ने ।

(च) CIP सम्मान प्राप्त गर्ने स्वदेशी नागरिकलाई सार्क क्षेत्रको भ्रमणका लागि SAARC Sticker Visa उपलव्ध गराउने ।

(छ) सरकारी तथा निजी क्षेत्रले उद्योग, वाणिज्य क्षेत्रमा आयोजना गर्ने कार्यक्रम/समारोहमा CIP को बस्ने स्थान विशेष तोक्ने ।

(ज) CIP प्राप्त गर्ने विदेशी नागरिकले CIP सम्मानको अवधि भित्र नेपाल प्रवेश गर्न चाहेमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निजको अनुरोधमा १५ दिन, ३० दिन वा ९० दिनको On Arrival Multipal Visa प्रदान गर्ने ।

(झ) CIP परिचय पत्र र प्रतिक चिन्हको आधारमा सिंहदरवार र त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको आगन्तुक र प्रस्थान कक्षको निश्चित स्थानसम्म प्रवेशको सुविधा प्रदान गर्न सकिने ।

(ञ) CIP प्राप्त गर्ने उद्योगी व्यवसायीले CIP सुविधा उपयोगको लागि CIP प्रतिक चिन्ह र परिचय पत्र आफ्नो साथमा राख्नुपर्नेछ ।

**१६. <u>महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) प्राप्त गर्ने व्यवसायीका प्रतिनिधिमूलक संस्थाको दायित्व :</u>**

(१) CIP प्राप्त गर्ने व्यवसायीका प्रतिनिधिमूलक संस्थाले CIP सम्मान अवधि भित्र देहायको कार्यहरू गर्नेछ :-

(क) आन्तरिक व्यापार मेलाको संयोजन गरी स्वदेशमा कम्तीमा वस्तुगत संघले एक र अन्य संघ, परिसंघ एवम् महासंघले दुईवटा प्रदर्शनीको आयोजना गर्ने ।

(ख) वस्तुगत संघले सम्बन्धित वस्तुको वर्तमान अवस्था, विकास तथा प्रवर्द्धनको लागि देखिएका समस्या एवं सुझावहरू सहितको एक अध्ययन प्रतिवेदन केन्द्रलाई उपलव्ध गराउने ।

(ग) उद्योग वाणिज्य क्षेत्रको विकासको लागि समय-समयमा नेपाल सरकारलाई सुझाव पेश गर्ने ।

(घ) आफूले गरेको महत्वपूर्ण कार्यविवरण वार्षिक रुपमा केन्द्रलाई दिने ।

(ङ) उद्योग, वाणिज्य क्षेत्रको विकास र विस्तारमा नेपाल सरकारलाई सघाउने ।

(च) महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) को गरिमालाई कायम राख्दै नेपालको आर्थिक विकासमा समर्पित रहने ।

(२) उपदफा (१) मा उल्लेखित कार्यको समिक्षा गर्न प्रत्येक छ/छ महिनामा महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) छनौट तथा सिफारिश उपसमितिको समिक्षा वैठक बस्नेछ ।

(३) आगामी वर्षहरुमा CIP छनौट तथा सिफारिस गर्दा समीक्षाबाट निकालिएको निष्कर्षलाई समेत मापदण्डको रुपमा आधार मानिनेछ ।

१७. **महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान खारेज गर्न सकिने :** यस कार्यविधि बमोजिम महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान प्राप्त उद्योगी व्यवसायी नैतिक पतन देखिने गरी अदालतबाट कसूरदार ठहरिएमा वा भ्रष्टाचार, आर्थिक अनियमिततामा संलग्न भएको प्रमाणित भएमा नेपाल सरकारले निजलाई प्रदान गरेको महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) सम्मान खारेज गर्न सक्नेछ ।

१८. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा देखापर्ने कठिनाई हटाउन वा तत्काल बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. **व्याख्या गर्ने अधिकार:** यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुमा कुनै द्विविधा भई व्याख्या गर्नुपर्ने भएमा त्यस्तो व्याख्या गर्ने अधिकार समितिमा निहित रहने छ । समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

२०. **बचाऊ :** यो कार्यविधि नेपाल सरकारद्वारा स्वीकृत प्राप्त हुनु अगाडि CIP छनौटका सम्बन्धमा भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

अनुसूची -१
(दावी विरोध गर्ने निवेदनको ढाँचा)

मिति :-

श्री व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर ।

**विषय :- दावी विरोध सम्वन्धमा ।**

महोदय,

त्यस केन्द्रबाट मिति .....................को........................... पत्रिकामा प्रकाशित CIP दावी विरोध सम्वन्धी सूचना अनुसार यस फर्म /कम्पनीको कारोवार निम्न बमोजिम रहेको व्यहोरा पेश गर्दछौं । त्यस केन्द्रबाट माग भएका वखत सक्कल कागजातहरु समेत पछि फिर्ता पाउने गरी उक्त सूचना बमोजिम हाललाई कारोवार गरेको प्रमाणको प्रमाणित प्रतिलिपी /फोटोकपी समेत यसै निवेदन साथ संलग्न राखी आवश्यक कारवाहीका लागि पेश गरेका छौं । पेश गरेको विवरणहरु साँचो छन् । झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

| सि.नं. | विधा | कारोवारको किसिम | कारोवारको आर्थिक वर्ष | | कुल कारोवार रकम रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

संलग्न कागजातको प्रतिलिपी :-
१. संस्था दर्ता प्रमाणपत्र थान :-
२. प्यान/ भ्याट दर्ता प्रमाणपत्र थान :-
३. कारोवारको प्रमाण पत्र तथा अन्य प्रमाणपत्र थान :-
४ अन्य प्रमाणपत्र केहि भएमा :-

हस्ताक्षरः-

फर्म कम्पनीको छाप :-

नाम :-
पद :-
फर्म/कम्पनीः-
ठेगाना :-

अनुसूची -२
प्रतीक चिन्हको ढाँचा

प्रतीक चिन्ह साविकको ढाँचामा राख्ने

(साविकको ढाँचा)

अनुसूची-३
(CIP परिचयपत्रको ढाँचा)

Government of Nepal
**Ministry of Commerce & Supplies**

Nepal Gov. | CIP Logo

**Commercially Important Person**
**<u>IDENTITY-CARD</u>**

**Name:**
**Designation** :
**Company:**
**Valid Till :**
**Signature............................ Designation : Secretary**

Photo

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय

Nepal Gov. | CIP Logo

महत्वपूर्ण व्यवसायिक व्यक्ति
परिचय-पत्र

नाम :
पद :
कम्पनी :
परिचय-पत्र बहाल रहने अवधि :
प्रमाणित गर्ने ............... पद : सचिव

Photo

अनुसूची-४ (क)
(CIP प्रमाण-पत्रको ढाँचा)

नेपाल सरकार
**वाणिज्य तथा आपूर्ति मन्त्रालय**

# महत्वपूर्ण व्यावसायिक व्यक्तिको प्रमाण-पत्र

नेपाल सरकारद्वारा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . का . . . . . . . . . . . . . . . . . . . . लाई नेपालको . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . गरे वापत "**महत्वपूर्ण व्यावसायिक व्यक्ति**" को उपाधिद्वारा दुई वर्षको लागि सगौरव सम्मान गरिएको छ ।

## Certificate of Commercially Important Person (CIP)

Government of Nepal proudly confers the title of **COMMERCIALLY IMPORTANT PERSON (CIP)** for the period of two years to . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . of . . . . . . . . . . . . . . . . . . . . . for the outstanding contribution to . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . of . . . . . . . . . . . . . . . .

| | | |
|---|---|---|
| ……………… | ………………………. | ………………… |
| …………………… | ………………………………….. | …………………….. |
| Executive Director | Secretary | Minister |
| Trade & Export Promotion Centre | Ministry of Commerce & Supplies | Ministry of Commerce & Supplies |

अनुसूची-४ (ख)
(CIP प्रमाण-पत्रको ढाँचा)

नेपाल सरकार
**वाणिज्य तथा आपूर्ति मन्त्रालय**

# महत्वपूर्ण व्यावसायिक व्यक्तिको प्रमाण-पत्र

नेपाल सरकारद्वारा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . का . . . . . . . . . . . . . . . . . . . . . . . . . . श्री ........................................................ लाई नेपालको उद्योग र वाणिज्य क्षेत्रमा **उत्कृष्ट योगदान** गरे वापत "**महत्वपूर्ण व्यावसायिक व्यक्ति**" को उपाधिद्वारा दुई वर्षको लागि सगौरव सम्मान गरिएको छ ।

## Certificate of Commercially Important Person (CIP)

Government of Nepal proudly confers the title of **COMMERCIALLY IMPORTANT PERSON (CIP)** for the period of two years to . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . of . . . . . . . . . . . . . . . . . . . . . . . for the outstanding contribution to the development of **Industry and Commerce Sectors.**

| | | |
|---|---|---|
| ................. | ........................... | ................... |
| ....................... | ....................................... | ........................ |
| Executive Director | Secretary | Minister |
| Trade & Export Promotion Centre | Ministry of Commerce & Supplies | Ministry of Commerce & Supplies |
| Date: | | |